नेपाली / *NEPALI*

WISCONSIN
UNIVERSITY OF WISCONSIN–MADISON

अक्टोबर १२, २०२१

सन्दर्भ: *Partners in Giving* को रूपमा, हामीले प्रभाव पार्न सक्दछौं *(Make an Impact)*

आदरणीय सहकर्मीहरू,

यस बदलको बेलामा, हामी आशा गर्दछौं कि तपाईं ठीकै हुनुहुन्छ। यी गएका अठार महिनाले चुनौती माथि चुनौती ल्याएका छन् र हाम्रो *UW–Madison* समुदायको प्रतिक्रिया प्रति हामी आभारी छौं।

विस्कन्सिनको स्वयंसेवा र उदारताको परम्पराको एक अभिव्यक्तिको रूपमा हामी तपाईंलाई यस वर्षको *Partners in Giving* अभियानमा भाग लिनको लागि आमन्त्रण गर्नको लागी लेख्दैछौं। *Partners in Giving*— राज्य, *UW* र *UW Health Employees Combined Campaign of Dane County*—ले हामी सबैलाई प्रभाव पार्ने एक मौका दिंदछ। ४८ वर्षको लागि, *Partners in Giving* अभियानमा प्रतिनिधित्व ५०० भन्दा बढी स्थानीय, राज्य, राष्ट्रिय, र अन्तर्राष्ट्रिय संगठनहरूको अत्यावश्यक सेवा र परोपकारी कार्यहरूको लागि धेरै आवश्यक सहयोग दिन हामी मिलेका छौं। यस समय, अभियानले सामूहिक रूपमा $८१ मिलियन भन्दा बढी उठाएको छ, जसमा गएको वर्षको $२.१ मिलियन भन्दा बढी पनि समावेश छ।

यो वर्ष, हाम्रो *Partners in Giving* अभियानको विषयवस्तु "प्रभाव पार्नु! *("Make an Impact!)*" हो। व्यक्तिहरूको रूपमा, हामीले अरूमा भिन्नता ल्याउन सक्छौं। जब हामीले मिलेर योगदान गर्दछौं, हाम्रा योगदानहरूले झनै धेरै प्रभाव पार्न सक्दछौं। त्यसै कारण हामी यो वर्षको *Partners in Giving* अभियानमा सहभागी हुनका लागि आग्रह गर्दछौं। हाम्रो समुदायमा अहिलेको आवश्यकता पहिले भन्दा धेरै छ। हामी मान्दछौं कि यो समयले समुदायहरूका लागि निरन्तर चुनौतीहरू ल्याएका छन्। त्यसैले, भाग लिन सक्नेहरूले, कुनै पनि योगदानका साथ सहयोग गर्न सक्नेछन्—तलब अवधिमा $ १ दिएर भएतापनि।

हामी तपाईंलाई अनलाइन मार्फत योगदान गर्नको लागि प्रोत्साहित गर्दछौं—यो तरिका सजिलो र सुरक्षित छ। हुलाक मार्फतको तपाईंको योगदान पनि हामी स्वागत गर्दछौं। सबै तरीकाहरूले योगदान गर्न सक्नुहुने कुराको बारेमा थप जानकारी यहाँ हेर्नुहोला।

यस वर्षको अभियानको सक्रिय चरण अक्टोबर १२ देखि नोभेम्बर ३० सम्म चल्नेछ, तर योगदानहरू मे १५, २०२२ सम्म सम्भव र स्वागत छ। अभियान शुरू हुनासाथ, तपाईंले *University Campaign Coordinating Committee* र तपाईंको युनिटको अध्यक्ष र स्वयंसेवकहरूबाट अझै जानकारी पाउनु हुनेछ। कृपया giving.wi.gov वेबसाईट हेर्नुहोला वा अभियानको बारेमा थप जानकारीको लागि तपाईंको स्थानीय अध्यक्षहरूलाई सम्पर्क गर्नुहोला।

तपाईंहरू सबैको निरन्तर उदारता र समर्थनको लागि हामी कति आभारी छौं शब्दहरूमा व्यक्त गर्न सक्दैनौं। हामी तपाईंलाई यस वर्ष *Partners in Giving* मार्फत जसरी सक्नुहुन्छ "प्रभाव पार्न *(Make an Impact)*" आमन्त्रण गर्दछौं।

भवदीय,

John Karl Scholz
*Provost & Vice Chancellor for Academic Affairs*

Rob Cramer
*Interim Vice Chancellor for Finance and Administration*